दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

स्थानीय राजपत्र

खण्डः ३ संख्याः ६ मितिः १५ असोज, २०७७ साल

भाग-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको सूचना

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कृषि तथा पशुपन्छी पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७७

प्रस्तावनाः दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले नगर भित्रका सबै वडाहरुमा कृषि क्षेत्रको सन्तुलित विकासका लागि राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा सम्भाव्य कृषि बालीवस्तुहरु तथा पशुपन्छी लक्षित विकास र विस्तार गरी कृषिजन्य बालीवस्तुहरु तथा पशुपन्छीको प्रवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व बढाएर कृषि उपज, दुध, अण्डा, मासुजन्य वस्तुमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले **कृषि तथा पशुपन्छी पकेट क्षेत्र विकास कार्यक्रम** सञ्चालन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को उपदफा (४) बमोजिम दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद – १
प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको कृषि तथा पशुपन्छी पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७७" रहेको छ ।

(२) यो कार्यविधि दिक्तेल रुपाकोट मझुवागढी नगरकार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरून्त प्रारम्भ हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) "पकेट" भन्नाले राष्ट्रिय आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा सम्भाव्य बाली/बालीवस्तुहरुमा अनुसूची-१ मा

उल्लेखित आधारहरु पूरा हुने गरी तोकिएको क्षेत्रफलमा र संख्यामा कृषि/पशुपन्छी पालन गरेको क्षेत्र सम्झनुपर्छ ।

(ग) "प्राविधिक समिति" भन्नाले पकेट क्षेत्र पहिचान, छनौट लगायतको कार्य गर्न दफा ५ बमोजिम गठित प्राविधिक समिति सम्झनुपर्छ ।

(घ) "छनौट समिति" भन्नाले पकेट क्षेत्र विकास कार्यक्रम स्वीकृत गर्न दफा ५(३) बमोजिम गठित छनौट समिति सम्झनुपर्छ ।

(ङ) "समन्वय समिति" भन्नाले सम्बन्धित पकेट सञ्चालनमा सहजीकरण गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी दफा ६ बमोजिम गठित पकेट सञ्चालन समन्वय समिति सम्झनुपर्छ ।

(च) "व्यवसायीक खेति/पशुपन्छीपालन" भन्नाले एक कृषक परिवारले अनुसूचि-२ बमोजिमको क्षेत्रमा तोकिए बमोजिम खेति तथा पशु पालन गरेको सम्झनुपर्छ ।

परिच्छेद – २

उद्देश्य तथा कार्यक्रम सञ्चालन प्रकृया

३.कार्यक्रम सञ्चालनको उद्देश्यः यस कृषि/पशुपन्छी पकेट विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(१) कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने कृषि/पशुपन्छी पकेटहरु छनौट गरी बालीवस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जना गरी कृषकहरुको आम्दानी वृद्धि गर्नु।

(२) कृषि तथा पशुपन्छी क्षेत्रमा व्यवसायिकता र उद्यमशिलताको विकास र प्रवर्द्धन गर्नु।

(३) कृषि तथा पशुपन्छीको उत्पादन तथा उत्पादकत्व बढाएर कृषिजन्य उपज तथा मासुजन्य वस्तुमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्नु।

(४) भुमिहिन वा निम्न आय भएकाहरुको क्षमता अभिवृद्धि गरी कृषि तथा पशुपालन व्यवसायमा लाग्न उत्प्रेरित गराउनु।

(५) प्रांगारिक खेति प्रणालीलाई प्रोत्साहन गर्दै समग्र कृषि क्षेत्रको दिगो विकासमा जोड दिनु ।

४.**कार्यक्रम सञ्चालन प्रकृयाः** कृषि/पशुपन्छी पकेट विकास कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

(१) नगरपालिकाबाट सञ्चालन हुने कृषि/पशुपन्छी पकेट विकास कार्यक्रम सञ्चालन गर्दा अनुसूची-३ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येबाट प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र छनौट गरी लाभान्वित वर्गको आवश्यकता र माग अनुसार लागत अनुमान (इष्टिमेट) तथा कार्ययोजना तयार गरी प्राविधिक समिति समक्ष पेश गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त लागत अनुमान (इष्टिमेट) तथा कार्ययोजना पकेट क्षेत्र छनौट समितिले स्वीकृत गर्ने छ ।

(३) छनौट भएका पकेट सञ्चालनमा अनुसूची-३ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ। साथै कृषि विकास/पशु सेवा शाखासंग परामर्श लिई अन्य आवश्यक कार्यक्रम पनि सञ्चालन गर्न सकिने छ।

(४) यस पकेट कार्यक्रमको प्रभावकारिताका लागि पकेट सञ्चालन हुने स्थानहरुमा दैनिक प्राविधिक परामर्श तथा सहयोगका लागि सम्बन्धित वडा कार्यालयले पकेट कार्यक्रमकै

बजेटबाट कृषि/पशु प्राविधिक करार सेवामा नियुक्त गर्नु पर्ने छ ।

५.पकेट क्षेत्र निर्धारण प्राविधिक समितिः (१) बाली/वस्तु विशेषको पकेट क्षेत्रका लागि माग गरी आएका आवेदनहरुको मूल्याङ्कन देहाय बमोजिमको प्राविधिक समितिले गर्ने छ ।

कृषि विकास शाखा प्रमुख	- संयोजक
प्राविधिक शाखा प्रमुख	- सदस्य
योजना शाखा प्रमुख	- सदस्य
प्रशासन शाखा प्रमुख	- सदस्य
पशु सेवा शाखा प्रमुख	- सदस्य सचिव

(नोटः प्राविधिक समितिले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई र जिल्ला स्थित कृषि/पशु सेवा हेर्ने कार्यालयका प्रमुख वा प्रतिनिधिलाई समेत आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ।)

(२) **प्राविधिक समितिको काम, कर्तव्य र अधिकार-** प्राविधिक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) अनुसूची-४ बमोजिमका राष्ट्रिय महत्वका बाली/वस्तुहरुको पहिचान गर्ने ।

ख) स्थलगत अनुगमन र प्रमाणीकरणका आधारमा स्थानीय सम्भाव्यताका विशेष बाली/वस्तुहरुको अध्ययन गर्ने ।

ग) स्थानीयस्तरमा रोजगारी सिर्जना र उत्पादन वृद्धि गर्न सक्ने बाली/वस्तुहरुको पहिचान गर्ने।

घ) आयात प्रतिस्थापन/आत्मनिर्भरतामा सहयोग पुऱ्याउने बाली/वस्तुहरु छनौट गर्ने।

ङ) सिंचाइ, सडक र सेवा प्रदायक संस्था लगायतका आवश्यक पूर्वाधार भए नभएको यकिन गर्ने।

च) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको/हुनसक्ने वा एउटै गाउँ/वस्ती/क्लष्टर बनाउनका लागि प्रोत्साहन गर्ने।

छ) बालीवस्तु तथा पशुपन्छी विशेष पकेट क्षेत्र पहिचान गर्ने ।

ज) बाली/वस्तु विशेषको पकेट क्षेत्रको लागि माग भई आएका आवेदनहरूको मूल्याङ्कन गरी छनौटको लागि छनौट समितिमा सिफारिस गर्ने।

(३) अनुसूची-७ बमोजिमको मापदण्डहरुको आधारमा पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी बाली/वस्तु विशेषको पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको **छनौट समिति मा** स्वीकृतिका लागि पेश गरिने छ ।

नगर प्रमुख	-संयोजक
नगर उपप्रमुख	-सदस्य
प्रमुख प्रशासकीय अधिकृत	-सदस्य
आर्थिक विकास समिति संयोजक(वा निजले तोकेको सदस्य)	-सदस्य
वडा अध्यक्ष (वडास्तरिय पकेटको हकमा)	-सदस्य
लेखाअधिकृत	-सदस्य

कृषि विकास/पशु सेवा शाखाको प्रमुख -सदस्य सचिव

(४) छनौट समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) प्राविधिक समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु माथि थप छलफल गरी पकेट क्षेत्र स्वीकृत गर्ने ।

(२) प्राविधिक समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावना माथि आवश्यकता अनुसार पुनः मूल्याङ्कन गर्न सक्ने ।

(३) पकेट छनौट प्रक्रियामा जनप्रतिनिधि, स्थानीय बासिन्दाहरु तथा अन्य सरोकारवाला निकायहरुको आवश्यकता र प्राथमिकतालाई मध्यनजर गर्दै पकेट क्षेत्र स्वीकृत गर्ने ।

(४) छनौटका लागि सिफारिस गरिएका पकेट कार्यक्रम अन्तर्गतका कार्ययोजना, लागत अनुमान (इष्टिमेट) स्वीकृत गर्ने ।

(५) पकेट छनौट गर्दा स्थानीय स्तरमा सो पकेट कार्यक्रम सञ्चालन बापत सिर्जना हुन सक्ने रोजगारीका अवसर, लाभान्वित वर्ग, तथा अन्य आधारहरुलाई मध्यनजर गर्दै पकेट क्षेत्र स्वीकृत गर्ने ।

६.पकेट सञ्चालन समन्वय समितिः (१) कृषि/पशुपन्छी पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन समन्वय समिति देहाय बमोजिम हुनेछ ।

(क) पकेट कार्यक्रम सञ्चालनमा सहजीकरण गर्न वडास्तरीय कृषि विकास समिति र छनौट भएका लाभग्राहीहरुको प्रतिनिधित्व रहने गरी एक पकेट सञ्चालन समन्वय समिति गठन गर्नु पर्ने छ।

(ख) तोकिएको क्षेत्रफल वा पशु संख्या भएको एक मात्र कृषक वा संस्थाले सञ्चालन गर्ने पकेटको हकमा सोही संस्थाको प्रोप्राइटर वा संचालक नै पकेट सञ्चालन समन्वय समितिमा सेवाग्राहीको प्रतिनिधिको भूमिका निर्वाह गर्ने छ।

(ग) एक भन्दा बढी कृषक वा संस्थाले तोकिए बमोजिमको पकेट सञ्चालन गर्नु पर्ने भएमा संलग्न सबै कृषक वा संस्थाको प्रतिनिधित्व हुने गरी ११ सदस्यीय पकेट सञ्चालन समन्वय समिति गठन हुनेछ । यसरी गठन हुने समितिमा कम्तीमा ४ जना महिला सदस्य हुनु पर्नेछ। समितिको संयोजक सम्बन्धित वडाका वडा अध्यक्ष हुनेछन् ।

(२) पकेट सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः -

(क) पकेट क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्न सहजीकरण गर्ने।

(ख) पकेट क्षेत्र अन्तर्गतका कृषक समुह, कृषि सहकारी, कानून बमोजिम दर्ता भएका कृषि उद्यमी, कृषिसँग सम्बन्धित कम्पनी वा फर्महरुको विवरण अद्यावधिक गर्न सहजीकरण गर्ने।

(ग) पकेट अन्तर्गत सञ्चालन हुने प्रविधिहरुको प्रसारमा नगरको कृषि विकास/पशु सेवा शाखालाई सहजीकरण गर्ने।

(घ) पकेट क्षेत्र अन्तर्गत समूहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती र पशुपालन प्रवर्द्धनमा सहजीकरण गर्ने।

(ङ) पकेट क्षेत्र अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरुको विकास, प्रयोग र सम्बर्द्धनमा समन्वय र सहजीकरण गर्ने।

(च) कृषि पकेट कार्यक्रमका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

(छ) पकेट विकास कार्यक्रमको नियमित अनुगमन एवं पृष्ठपोषणमा नगरपालिकाको कृषि/पशु सेवा शाखालाई सहजीकरण गर्ने।

(ज) सञ्चालित पकेटको प्रोफाईल तयार गर्न सहजीकरण गर्ने ।

(३) पकेट क्षेत्र छनौट भएपछि पकेट कार्यक्रममा छनौट भएका कृषक समूह/सहकारी/कृषि उद्यमी/कृषि फर्म/जल उपभोक्ता समितिहरुलाई पकेट सञ्चालन समन्वय समिति गठनको लागि सात (७) दिनको म्याद सहित पत्राचार मार्फत वा अन्य स्थानीय संचार माध्यम मार्फत आह्वान गरिने छ ।

परिच्छेद ३
पकेट निर्माण/छनौट प्रक्रिया

७.पकेट क्षेत्र निर्माणका लागि देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्ने छ ।

(१) सडकको पहुँच भएको वा हुन सक्ने

(२) सिंचाईको उपलब्धता भएको,

(३) विद्युतको उपलब्धता भएको,

(४) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोरमा रहेको,

(५) वित्तीय संस्थाहरुको पहुँच भएको,

(६) स्थानीय बजार तथा उत्पादित वस्तुहरुको बिक्रीको सुनिश्चितता भएको।

८.प्रस्ताव माग गर्ने:(१) कृषि विकास/पशुसेवा शाखा/वडा कार्यालयले स्थानीय संचार माध्यम तथा आफ्नो कार्यालयको सूचनापाटीमा १५ देखि २१ दिने सूचना प्रकाशित गरी भौगोलिक तथा प्राविधिक सम्भाव्यता र माटोको उर्वराशक्तिका आधारमा तोकिएका बालीवस्तु/पशुपन्छी पकेटहरु निर्माण गर्न चाहने कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरु/जल उपभोक्ता समितिबाट प्रस्ताव माग गरिने छ ।

(२) आवेदन माग भए पछि प्रस्तावहरु संकलन गरी पकेट क्षेत्रको मूल्याङ्कनका लागि प्राविधिक समितिमा लगिनेछ । प्रस्तावहरु माथि प्राविधिक समितिले मूल्याङ्कन गरी स्वीकृतिका लागि छनौट समितिमा सिफारिस गर्नेछ।

(३) छनौट भएका कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समूह/कृषि फर्म/लाभग्राहीहरु विच सम्बन्धित कृषि विकास वा पशुसेवा शाखा वा वडा कार्यालयसंग तोकिएका कार्यक्रमहरु सञ्चालनका लागि अनुसूची-८ बमोजिम सम्झौता गरिने छ ।

(४) पकेट क्षेत्र मागका लागि सेवाग्राहीहरुले अनुसूची-५ बमोजिमको ढांचामा निवेदन, अनुसूची-६ बमोजिम आधारभूत तथ्यांक फारम र अन्य निकायबाट सोहि शिर्षकको लागि अनुदान प्राप्त नगरेको स्व-घोषणा पत्र, तथा अन्य कागजात संलग्न गरी तोकिएको अवधि भरिमा पेश गर्नुपर्ने छ ।

(५) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र तथा अन्य संस्थाहरुबाट प्राप्त अनुदानबाट संचालित पकेट कार्यक्रम वा अन्य कार्यक्रमसँग दोहोरो नपर्ने गरी नगर कृषि/पशुपन्छी पकेट विकास कार्यक्रम सञ्चालन गरिने छ ।

९.पकेट कार्यक्रम संचालकले पालन गर्नु पर्ने शर्तहरुः कार्यक्रम संचालकहरुले देहायका शर्तहरु पालना गर्नुपर्ने छ ।

क) सञ्चालन गरिने कृषि/पशुपन्छी पकेट कार्यक्रमको विवरण वा कार्ययोजना, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि सहितको सार्बजनिक सूचना बोर्ड सबैले देख्ने गरी कार्यस्थलमा राख्नु पर्नेछ ।

ख) कार्यक्रम सञ्चालनका क्रममा नगरपालिका, वडा कार्यालय, प्राविधिक समिति र कृषि/पशु शाखाबाट दिईएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्ने छ ।

ग) पकेट संचालकले पकेट कार्यक्रम सञ्चालनको व्यवसायिक कार्य योजना आवेदन दिने समयमै पेश गर्नु पर्ने छ । सम्झौता अगावै प्रमुख प्रशासकीय अधिकृतबाट लागत अनुमान (इष्टिमेट) स्वीकृत गर्नु पर्ने छ।

घ) पकेट संचालक समितिले संचालित कार्यक्रमको मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन तोकिएको ढांचामा अनिवार्य नगरको कृषि/पशु शाखामा पेश गर्नुपर्ने छ।

ङ) पकेट कार्यक्रमको लेखा तथा अन्य विवरण व्यवस्थित रुपले अभिलेख राख्नु पर्नेछ ।

१०.भूमिहीनहरुको सम्बन्धमाः दुई रोपनी भन्दा कम जमिन हुनेहरुको हकमा कृषि तथा पशुपन्छी पकेट कार्यक्रममा समाबेश हुन कम्तिमा पनि

पाँच (५) वर्षलाई जग्गा भाडामा लिएर अनुसूची-२ बमोजिम कृषि/पशुपन्छी पालन गरेको हुनु पर्ने छ ।

परिच्छेद ४

अभिमुखीकरण तथा अनुदानका कार्यक्रम

११.नगरस्तर/वडास्तरमा पकेट अभिमुखीकरण कार्यक्रमः नगरको कृषि विकास/पशु सेवा शाखाले पकेट क्षेत्रका कृषक, कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समूह/कृषि उद्यमी, कृषि उपज बजार व्यवस्थापन समिति, निजि सेवा प्रदायक लगायत अन्य सरोकारवाला निकायहरुको उपस्थितिमा पकेट सञ्चालन सम्बन्धमा नगरस्तरमा वा पकेटस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

१२.पकेट क्षेत्रमा सञ्चालन गरीने कार्यक्रमहरु र अनुदान सहयोगः यस नगरपालिका भित्र सञ्चालनमा आउने कृषि/पशुपन्छी पकेट विकास कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु अवलम्बन गरी अनुदान उपलब्ध गराइनेछ । पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत अनुदान लिन कम्तिमा अनुसूची-२ बमोजिम खेत वा पशुपन्छी पालन गरेको हुनुपर्ने छ ।

१) **उत्पादन प्रविधि प्रदर्शन अनुदान (उन्नत प्रविधि प्रसार र परामर्श सेवा)ः** सहभागितामूलक नविन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम लगायत प्रविधि हस्तान्तरण कार्यक्रम आवश्यकता अनुसार सञ्चालन गरिने छ । प्रविधि अनुदान सतप्रतिशत अनुदानमा दिईनेछ। कृषि/पशु पकेट क्षेत्र विकास कार्यक्रममा आधुनिक खेति प्रविधिहरु अनिवार्य रुपमा अबलम्बन गर्नु पर्ने छ।कृषि पकेट क्षेत्र छनौट गर्दा अनिवार्य रुपमा माटो जांच गरी, माटो सुधारको आवश्यकता अनुसार सुधार गरी मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने छ ।

२) **उत्पादन सामग्री सहयोग अनुदान (उत्पादन र उत्पादकत्वसंग सम्बन्धित कार्यक्रमहरु):** पकेट क्षेत्रका लागि उन्नत बिउ/वेर्ना/विरुवा/माछ भुरा/जैविक विषादी/प्रांगारिक कम्पोस्ट मल/नस्ल सुधारका लागि उन्नत जातका बोका पाठापाठी, बुंगुरका भुनीबुचो जस्ता उत्पादन सामग्री सहयोग गरिने छ । उपरोक्त बमोजिम उत्पादन सामग्रीहरुमा स्थानीय सरकारको तर्फ बाट ५० प्रतिशत अनुदान दिईनेछ । आयातित बिउ बीजन माथिको परनिर्भरतालाई अन्त्य गर्न बीजवृद्धि कार्यक्रमलाई प्राथमिकता दिई स्थानीय स्तरमै उन्नत बिउ उत्पादन गर्न पहल गरिने छ। रैथानेबाली प्रवर्द्धनका लागि यस्ता बालीहरुको उत्पादनमा प्रोत्साहन गरिने छ।

३) **अन्य कार्यक्रम (उत्पादानोपरान्तसंग सम्बन्धित- बजारीकरण, प्रशोधन):** उत्पादित कृषि उपजहरुको बजारीकरणका लागि संकलन केन्द्र, सुरक्षित भण्डारणका लागि रष्टिक स्टोर, चिस्यान केन्द्रहरु आवश्यकता अनुसार निर्माण तथा सञ्चालनका लागि अनुमति दिन सकिने छ । कृषि यन्त्रहरु र पूर्वाधार विकास निर्माणमा बढीमा ५० प्रतिशत सम्म अनुदान दिईनेछ ।जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र बाँझो खेतमा खेति गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिने छ। यस कार्यक्रमको मर्म अनुरुप जमीनको एकीकरण गर्ने अवधारणा अवलम्बन गरिएको सन्दर्भमा वार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित गरी जमीनको एकीकरणको लागि उत्प्रेरित गर्न अनुदानको व्यवस्था गरिने छ । भौतिक संरचना निर्माण (जस्तैः संकलन केन्द्र निर्माण, चिस्यान केन्द्र निर्माण, सिमेन्टेड पोखरी निर्माण

आदि) संग सम्बन्धित श्रमदानमा बढीमा ५० प्रतिशत अनुदान दिन सकिने छ ।

तर, अन्य प्रकारका श्रमदानमा (जस्तैः खाद्यान्न बाली/बिरुवा रोप्ने, बिरुवा रोप्न खाडल खन्ने, झारपात हटाउने, मल लगाउने,मल बोक्ने आदि) अनुदान दिन मनासिब हुने छैन । माथि जुनसुकै कुरा उल्लेख भएपनि बजेटको परिधि भित्र रही अनुदान सहयोग दिईनेछ।

परिच्छेद ५

कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

१३.कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः (१) नगरभित्र रहेका पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन प्राविधिक समिति, छनौट समिति र सम्बन्धित पकेट सञ्चालन हुने वडाको कृषि विकास समितिले गर्नेछ । यसका साथै प्राविधिक समितिले संचालित पकेट कार्यक्रमहरुको मूल्याङ्कन गर्नेछ ।

(२) प्राविधिक समितिले अनुगमनका क्रममा देखा परेका कैफियत पालना गर्न सम्बन्धित पकेट सञ्चालन समितिलाई निर्देशन दिन सक्ने छ । प्राप्त निर्देशनहरु सेवाग्राहीहरुले अनिवार्य पालन गर्नुपर्ने छ ।

(३) मासिक, चौमासिक र वार्षिक रुपमा पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमहरुको प्रगति विवरण सम्बन्धित वडा कार्यालयले नगरको कृषि/पशु विकास शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद ६
विविध

१४.प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बमोजिम हुनेछ ।

१५.कार्यक्रमको निरन्तरताः कृषि/पशु पकेट विकास कार्यक्रम आगामी वर्षहरुमा थप हुने पकेट क्षेत्रको संख्या र पकेटमा रहने बाली/वस्तु सम्बन्धि अन्य विषयवस्तुहरु नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१६.संशोधनः यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा नगरकार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्न सक्ने छ ।

१७.पुरस्कार तथा कारवाहीको व्यवस्थाः पुरस्कार तथा कारवाहीको व्यवस्था देहायको अनुसार हुनेछः

(१) तोकिएको समय भन्दा अगाडी तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राहीहरुलाई प्रोत्साहन स्वरूप नगरपालिकाबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिने छ ।

(२) सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राही लाई अनुदान रकम उपलब्ध गराईने छैन ।

(३) अनुदान रकम दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरिने छ। यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सुचीमा राखिने छ ।

द्रष्टव्यः यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरीएको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, नगरपालिकाको आर्थिक कार्यविधि ऐन तथा अन्य प्रचलित ऐन बमोजिम हुनेछ ।

अनुसूची-१
(दफा २(ख) संग सम्बन्धित)

पकेट कार्यक्रम सञ्चालनका आधारहरु

बाली/वस्तु	इकाई	भौगोलिक क्षेत्र	कैफियत
		पहाड	
खाद्यान्न तथा आलु बाली	रोपनी	२००	
दलहन, तेलहन, मसलाबाली, आदि	रोपनी	१५०	
तरकारी	रोपनी	१५०	
फलफूल	रोपनी	२००	
मौरी	आधुनिक घार संख्या	३००	
कन्ये तथा गोब्रे च्याउ	के.जी.	५००	च्याउको बीउ
सिताके च्याउ	मुढा संख्या (१.६ मिटर, ६० सेन्टिमिटर)	१००००	
प्लास्टिक घरमा खेती	टनेल	२५०	६ मिटर*१० मिटर वा ६० वर्ग मिटर
माछा (जलाशय क्षेत्र)	रोपनी	८०	
ट्राउट माछा (रेसवे)	वर्ग मिटर	१५००	
गाई	उन्नत संख्या	१००	

बाली/वस्तु	इकाई	भौगोलिक क्षेत्र	कैफियत
		पहाड	
खाद्यान्न तथा आलु बाली	रोपनी	२००	
	स्थानीय/वर्णशंकर संख्या	३००	
भैंसी	उन्नत संख्या	८०	
	स्थानीय/वर्णशंकर संख्या	१५०	
बाख्रा, भेडा	संख्या	१०००	
बंगुर	संख्या	१००माउ	
		४०० (मासु प्रयोजन)	
लोकल कुखुरा	संख्या	५,०००	
बोईलर	संख्या	२०,०००	
अन्य पन्क्षिजन्य (हाँस, टर्की, आदि)	संख्या	३,०००	

अनुसूची-२
(दफा २ (च) संग सम्बन्धित)

व्यवसायिक खेतिका आधार

बाली	मध्य पहाडका लागि क्षेत्रफ़ल	कैफियत
खाद्यान्न बाली	२० रोपनी	
तरकारी बाली	५ रोपनी	
माछा	३ रोपनी	जलाशय
मौरी	२०	आधुनिक घार
कन्य र गोब्रे च्याउ	१० के. जी.	बिउको प्रयोग
सिताके च्याउ	५०० मुढा	
फलफुल	५ रोपनी	
अलैची	५ रोपनी	
अदुवा/बेसार/लसुन/धनिया/मेथी/प्याज	३ रोपनी	
ट्राउट माछा	१०० व. मि.	
प्लाष्टिक घर	३०० व. मि. / ५ वटा टनेल	६ मिटर * १० मिटर
गाई	८ (स्थानीय) ५ (उन्नत)	
भैंसी	५ स्थानीय/उन्नत	
बंगुर	५	माउ भुनी बंगुर

बाली	मध्य पहाडका लागि क्षेत्रफ़ल	कैफियत
	१५	(मासु प्रयोजन)
बाखा, भेडा	३५	बोका, खसी बाखा सहित जम्मा
लोकल कुखुरा	२००	
बोईलर	१०००	
पन्छीजन्य (हाँस, टर्की, आदि)	१००	

अनुसूची-३
(दफा ४ (१), (३) संग सम्बन्धित)

पकेट विकास कार्यक्रममा सञ्चालन हुने क्रियाकलापको सूची र सञ्चालन विधि

क्र.सं.	क्रियाकलाप/कार्यक्रम	उद्देश्य	सञ्चालन विधि
क.	**क्षमता विकास कार्यक्रम**		
१	स्थलगत तालिम	- उन्नत कृषि प्रविधि सम्बन्धी जानकारी	- सहभागी छनौट - प्रशिक्षक तथा प्रशिक्षण सामग्री व्यवस्थापन - तालिम सञ्चालन
ख.	**प्रसार तथा बाह्य सेवा**		
१	सहभागितात्मक नवीनतम उत्पादन प्रविधि प्रदर्शन (५ रोपनी)	- नवीनतम उत्पादन प्रविधि प्रचार/प्रसार गर्ने	- प्रविधि पहिचान तथा छनौट - कृषक तथा जग्गा छनौट - बीउ विजन तथा सामग्री व्यवस्थापन - प्रविधि प्रदर्शन - नियमित अनुगमन
२	बीउ /बेर्ना/ मौरी/माछाभुरापशु / नश्ल एवंजैविक विषादी खरिदमा अनुदान	- प्रविधि विस्तार गर्ने	- कृषक छनौट - स्रोत केन्द्रको पहिचान - खरिद व्यवस्थापन - वितरण

क्र.सं.	क्रियाकलाप/कार्यक्रम	उद्देश्य	सञ्चालन विधि
ग.	**पशु उत्पादन सहयोग**		
१	गोठ/खोरनिर्माण सुधार	- असल पशुपालन अभ्यास प्रवर्द्धन गर्ने	- कृषक छनौट - आधुनिक प्रविधि अवलम्बन गरी नयाँ गोठ निर्माण तथा सुधार
२	पशु पहिचान/पशु बीमा	- असल पशुपालन अभ्यास प्रवर्द्धन गर्ने	- Tagging/ Micro chipping - पशु बीमा कार्यक्रम सञ्चालन
३	पशु नश्ल सुधार	- नश्ल सुधार गर्ने	- कृषक छनौट - स्रोत केन्द्रको पहिचान - उन्नत जातको पशु नश्ल (राँगा/साँढे वोका/ विर/ पाठा-पाठी /पाडी र वाच्छी) खरिद तथा वितरण
४	पशु आहारा व्यवस्थापन	- गुणस्तरीय पशु आहाराको सहज आपूर्तीमा सहयोग	- कृषक छनौट - स्रोत केन्द्रको पहिचान - उन्नत जातको भुई तथा डाले घाँसको बीउ/ बेर्ना/ सेटहरु - साईलेज/TMR/UMMB लगायत पशु आहारा प्रविधि/

क्र.सं.	क्रियाकलाप/कार्यक्रम	उद्देश्य	सञ्चालन विधि
			कबुलियती/सामुदायिक घाँस खेती *TMR- Total Mixed Ration *UMMB- Urea Molasses Mineral Block
५	पशु स्वास्थ्य (खोप/परजीवी नियन्त्रण/उपचार/हर्ड हेल्थ)	- पशुमा लाग्ने रोगहरुको जोखिम न्यूनीकरण गर्ने	- स्थान छनौट - प्राविधिक कर्मचारीको व्यवस्थापन - पशु स्वास्थ्य शिविर सञ्चालन - खोप तथा औषधि खरिद तथा वितरण
घ	**मत्स्य उत्पादन सहयोग**		
१	मत्स्य पोखरी निर्माण	मत्स्य पालनको क्षेत्र विस्तार गर्ने	- स्थान तथा कृषक छनौट - डिजाईन तथा लागत अनुमान तयारी - पोखरी निर्माण - प्राविधिक जाँचपास - माछापालन
२	एकीकृत मत्स्य पालन र प्रविधि प्रदर्शन(१० रोपनी)	नवीनतम उत्पादन प्रविधि प्रसार गर्ने	- प्रविधि पहिचान तथा छनौट - कृषक तथा पोखरी छनौट - मत्स्य उत्पादनको लागि

क्र.सं.	क्रियाकलाप/कार्यक्रम	उद्देश्य	सञ्चालन विधि
			आवश्यक भुरा, प्रदर्शन सामग्री व्यवस्थापन - प्रदर्शनको नतिजा सम्बन्धी सामूहिक छलफल
ङ	**अन्य कार्यक्रमहरु**		
१	साना कृषि तथा पशुपालनमा प्रयोग हुने औजार उपकरण	- कृषकको कार्यबोझ घटाउने - लागत न्यूनीकरण	- कृषक तथा औजार उपकरणको आवश्यकता पहिचान - खरिद व्यवस्थापन - वितरण
२	साना सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार (कुलो मर्मत/ थोपा सिंचाइ/ प्लाष्टिक पोखरी/ ट्यूवेल जडान)	- सिंचित क्षेत्र विस्तार गर्ने	- स्थान छनौट - योजना पहिचान - सम्झौता - निर्माण
३	माटो व्यवस्थापन	- माटोको गुणस्तरमा सुधार	- माटो नमूना संकलन - माटो परीक्षण/शिविर - माटो उपचार
४	बाली संरक्षण सेवा	- रोग कीराको पहिचान तथा व्यवस्थापन	- नमुना सङ्कलन - बाली उपचार शिविर सञ्चालन - परीक्षण एवं आवश्यक

क्र.सं.	क्रियाकलाप/कार्यक्रम	उद्देश्य	सञ्चालन विधि
			सल्लाह सुझाव
५	बीउ परीक्षण तथा उपचार सेवा	- बीउको गुणस्तर वृद्धि	- नमुना संकलन/ परीक्षण - विषादी खरिद - बीउ उपचार
६	जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्यक्रमहरु	- बाँझो जमिनलाई खेतीयोग्य जमिनमा रुपान्तरण गर्ने	- बाँझो जमिनहरुको पहिचान तथा अभिलेखीकरण - खेती गर्ने कृषक, समुह, सहकारी पहिचान र छनौट - मल, बीउ, सिंचाइ र औजार उपकरण सहयोग

अनुसूची-४
(दफा ५ (२) (क) संग सम्बन्धित)

वडास्तर कृषि पकेट कार्यक्रम सञ्चालनका लागि भौगोलिक सम्भाव्यता तथा राष्ट्रिय महत्वका बाली/वस्तुहरु

(१) धान

(२) मकै

(३) गहुँ

(४) कोदो

(५) जौ, ऊवा

(६) तरकारी

(७) आलु

(८) सुन्तला/कागती

(९) आँप

(१०) केरा

(११) दुध (गाई, भैसी)

(१२) माछा

(१३) मासु (रंगा, खसी, बोका, हाँस, कुखुरा, बाख्रा, बंगुर, आदि)

(१४) निर्यात प्रवर्द्धन बाली (अलैची, अदुवा/बेसार)

(१५) दलहन/तेलहन बाली

(१६) मौरी

(१७) फाफ़र

(१८) चिया तथा कफी

(१९) फलफुल (लिची, अभाकाड़ो, किवी, आल्चा, नास्पाती)

(२०) नगरपालिकाले सिफारिस गरेका अन्य बालीवस्तुहरु

अनुसूची-५
(दफा ८ (४) संग सम्बन्धित)
पकेट मागका लागि आवेदन फारम

मितिः.....

श्री वडा अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतज्यू

.... (कार्यालय)

.....।

विषयः **पकेट स्थापना गरीपाउँ बारे**।

प्रस्तुत विषयमा हामी तपसिल बमोजिमका कृषक समूह/कृषि सहकारी संस्था/जल उपलभोक्ता समिति/कृषि उद्यमीहरुले यस ..... जिल्लाको ..... न.पा. भित्र लक्षित क्षेत्र रहने गरी कृषि/पशु पकेट स्थापना गरी सञ्चालन गर्न ईच्छुक भएकोले ..... बाली/वस्तुको पकेट क्षेत्र निर्धारण गरी दिनुहुन यो निवेदन पेश गरेका छौं।

.....

निवेदक

क्र.सं.	कृषक समूह/ कृषि सहकारी संस्था/ जल उपलभोक्ता समिति/ कृषि उद्यमीको नाम	ठेगाना	सम्पर्क नं.	अध्यक्ष /प्रोपाईटरको नाम	दस्तखत

निवेदन साथ संलग्न कागजातहरु

(१) सम्बन्धित निकायमा कृषि समूह/कृषि सहकारी संस्था/ज.उ.समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

(२) पकेटमाग गर्ने संस्था(हरु) को कार्य समितिको निर्णयको प्रतिलिपि।

(३) अध्यक्ष/प्रोपाईटरको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

(४) नगरपालिकाले तोकेको ढाँचामा कार्ययोजना तथा लागत इष्टिमेट/अनुमान ।

(५) अरु संस्थाबाट सोहि कार्यक्रमका लागि अनुदान नलिएको स्व-घोषणा पत्र ।

(६) कार्यक्रम सञ्चालन हुने स्थान (अनुसूची-१ बमोजिम तोकिएको क्षेत्रफ़ल) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।

(७) अनुसूची-६ बमोजिमको विवरण ।

अनुसूची-६
(दफा ८(४) संग सम्बन्धित)

पकेट क्षेत्र मागको लागि आधारभूत तथ्याङ्क फारम

(१) प्रस्तावित पकेट विकास हुने बालीको नामः

(२) प्रस्तावित पकेट विकास गरीने स्थानः

(३) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट संचालित पकेट/ब्लकहरु को विवरण

पकेट / ब्लक सञ्चालन भएको बाली/वस्तु	नगरपालिका	वडानम्बर	पकेट/ब्लकको क्षेत्रफल (हेक्टर)	पकेट / ब्लक सञ्चालनको अवधि

(४) प्रस्तावित पकेटअन्तर्गत कार्यक्रममा समावेश हुन सक्ने घरधुरीहरुको विवरण

नगरपालिका	वडा नम्बर	लक्षित कृषक घरधुरी संख्या

(५) प्रस्तावित पकेट क्षेत्रमा समावेश हुने खेती योग्य जग्गाको विवरण

जग्गाको किसिम	क्षेत्रफल (हेक्टर)	सिंचित(हेक्टर)	असिंचित (हेक्टर)	सिंचित भए सिँचाइको स्रोत
खेत				
पाखो				
बारी				
जम्मा				

(६) प्रस्तावित पकेट सञ्चालन क्षेत्रको प्रमुख बालीको हालको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व विवरण

पकेट क्षेत्रको हालको प्रमुख बाली वस्तुहरु	कुल क्षेत्रफल (हेक्टर)	उत्पादकत्व (मे.टन/हेक्टर)	कुल उत्पादन (मे. टन)	अनुमानित विक्री परिमाण(मे. टन)
बहुवर्षीय बाली				
सिजनल बालीहरु				
पशुपालन				
मत्स्यपालन				

(७) प्रस्तावित पकेट कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरु (पकेट सञ्चालन पश्चात प्राप्त हुने उपलब्धि विवरण उल्लेख गर्ने)

(क) प्रस्तावित बहु वर्षीयबाली तथा फलफुल बगैंचा

जग्गाको क्षेत्रफल	जम्मा बोट संख्या	पूर्णरुपमा उत्पादनशील बोट संख्या	आंशिकरुपमा उत्पादनशील बोट संख्या	जम्मा उत्पादन (मे.टन)	थप विस्तार हुने क्षेत्रफल (हेक्टर)

(ख) प्रस्तावित सिजनल बाली

जग्गाको क्षेत्रफल	तोकिएको बालीले ढाक्ने क्षेत्रफल	उत्पादकत्व (मे.टन प्रति हेक्टर)	जम्मा उत्पादन	थप विस्तार हुने क्षेत्रफल(हेक्टर)

(ग) प्रस्तावित पशुपालन

पशुपालन	पशुधनको संख्या	प्रति पशुधन उत्पादन (दुध र मासु)	जम्मा उत्पादन	थप हुने पशुधन संख्या

(घ) प्रस्तावित मत्स्यपालन

माछाको जात	पोखरी संख्या	जलाशय क्षेत्रफल (हेक्टर)	उत्पादन(मे.टन)	उत्पादकत्व(मे.टन/हेक्टर)	थप हुने जलाशय क्षेत्रफल (हेक्टर)

(८) प्रस्तावित पकेटमा उल्लेख गरिएको बाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता

-

-

(९) प्रस्तावित पकेटमा उल्लेख गरिएको बाली/वस्तुको बजारीकरणको सम्भावना (प्रमुख बजार, बजार पूर्वाधार, उत्पादनको बजारीकरण योजना आदि)

-

-

(१०) प्रस्तावित पकेट सञ्चालन गर्न आबश्यक कृषि उत्पादन सामग्री उपलब्धताको स्रोत एवं अवस्था

-

-

(११) प्रस्तावित पकेट अन्तर्गतको बाली/वस्तुको उत्पादनको लागि आवश्यक कृषि पूर्वाधारहरुको उपलब्धता

-

-

(१२) प्रस्तावित पकेट क्षेत्र भित्र सामुहिक खेती वा क्लष्टर खेतीको हालको अवस्था एवं विस्तारको सम्भावना

-

-

(१३) प्रस्तावित पकेट कार्यान्वयनबाट थप हुन सक्ने रोजगारीका अवसरहरु

आंशिक रोजगारी

पूर्णकालिन रोजगारी

दैनिक ज्यालादारी

(१४) प्रस्तावित पकेट माग गर्नुका आधारहरु (न्युनतम क्षेत्रफल वा संख्या, सस्थागत क्षमता, आबेदक संस्थाहरुको यहि प्रकृतिका कार्यक्रम सन्चालन गरेको अनुभब आदी)

-

-

(१५) प्रस्तावित पकेट र बाली/वस्तु छनौट गर्नाको पुष्टयाई

-

-

(१६) प्रस्तावित पकेट माग गर्ने संस्थाको प्रोफाइल

(पकेटमाग गर्ने संस्था एक भन्दा बढी भए यो प्रोफाइल क्रमश थप गर्दै जाने)

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मको नामः

गठन भएको मितिः

संस्थाको ठेगानाः

तपाईंको समूह/संस्था कुनै सरकारी संस्थामा आवद्ध छ भने सो संस्थाको

नाम .....दर्ता नं.....

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म कसरी गठन भएको हो? कसको गठन भयो?.....

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म गठन खास उद्देश्य के हो ?.....

मासिक बचत छ वा छैन ? यदि छ भने कति.....

क) बैंकः..... ख) खाता नं.

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्म कार्यान्वयनको प्रमाण

(क) निर्णय ( ) ख) नगदी खाता ( ) ग) बैंक खाताको विवरण ()

घ) दर्ता प्रमाण पत्र ( ) ङ) अचल सम्पतिको स्वामित्वको प्रमाण पत्र ( )

च) अन्य भए खुलाउनुहोस् .....

जम्मा शेयर सदस्य संख्या

कृषि समूह/कृषि सहकारी/समिति र कृषि फर्मका सदस्यको विवरण

क्र.सं.	सदस्यको नाम	ठेगाना	खेती योग्य जमिन/पशु संख्या

नोटः *१. यस अनुसूचीलाई पकेट प्रोफाइल प्रयोजनको लागि समेत प्रयोग गर्न सकिने छ ।*

२.सम्बन्धित कार्यालयले आवश्यकता अनुसार बाली/वस्तु विशेषका लागि यस अनुसूचीलाई विस्तृतीकरण गर्न सक्नेछ।)

अनुसूची-७
(दफा ५ (३) संग सम्बन्धित)

पकेट निवेदन मूल्याङ्कन मापदण्ड

क्र.सं.	सूचकाङ्क आधार	अधिकतम अङ्क
१.	प्रस्तावित कमाण्ड क्षेत्रफल (रोपनी/संख्या)	१०
२.	सम्भावितलाभान्वितवर्गकोसंख्या	१०
३.	बाली/वस्तुको क्षेत्रफल/संख्या विस्तारको सम्भावना	१०
४.	अनुगमनबाट पुष्टि हुने प्रस्तावित बाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता	१०
५.	प्रस्तावित बाली/वस्तुको स्थानीय आवश्यकता तथा प्रादेशिक महत्व	१०
६	कृषि उत्पादन सामग्री आपूर्ति तथा उत्पादन पूर्वाधारको सहजता	१०
७.	प्रस्तावित बाली/वस्तुको सामुहिक वा क्लष्टर खेतीको सम्भावना	१०
८	उत्पादनको बजारीकरणको सम्भावना तथा बजार सुविधा	१०
९	रोजगारी सिर्जना (संख्या)	१०
१०	कृषि/पशु पकेट विकास कार्यक्रमको उद्देश्य प्राप्तीमा सहयोग	१०

***नोटः** प्राविधिक समितिले आवश्यकता अनुसार मूल्याङ्कन मापदण्डलाई विस्तृतीकरण गरी सोही अनुसार मूल्याङ्कन गर्नेछ।*

अनुसूची-८
(दफा ८ (३) संग सम्बन्धित)

पकेट कार्यक्रम सञ्चालनको लागि सम्झौता-पत्रको नमुना

सम्झौता-पत्र

श्री .....(यस पछि पहिलो पक्ष भनिने) र खोटांग जिल्ला दिक्तेल रुपाकोट मझुवागढी वडा नं .....मा स्थापना भएको श्री.....कृषि फर्म/कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समुह/कृषि उद्यमीका प्रोपाइटर वा अध्यक्ष (यस पछि दोस्रो पक्ष भनिने) बिच साझेदारी सहकार्यमा आ. व. .....को स्वीकृत .....कार्यक्रम दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं .....मा कृषि/पशुपन्छी पकेट कायक्रम सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षार गरी लियौ/दियौ ।

तपसिलः

१ यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

दोस्रो पक्षले कार्यक्रमको लागत अनुमान अनुसार .....व्यवसाय .....(व्यवसायको आकार उल्लेख गर्नु पर्ने) मा संचलान गरेको हुनुपर्ने छ । यसरि स्थापना गरीने पकेट कार्यक्रमको कुल लागत बढीमा .....प्रतिशत हुन आउने रु. .....अक्षरेपी .....रकम अनुदान स्वरूपवा उत्पादन सामग्रीहरु पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

२ कार्यक्रम सुरु गर्नका लागि पेश्की रकम आवश्यक भएमा नगरपालिकाले बढीमा २० प्रतिशत रकम पेश्की स्वरूप उपलब्ध गराउन सक्नेछ ।

कार्य सम्पन्नताको आधारमा उक्त अनुदान थप गरीदै उपलब्ध गराईनेछ।

३. यसै साथ संलग्न स्वीकृत लागत अनुमान अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहायोग लिई आफै सञ्चालन गर्नपर्ने छ ।

४ सम्झौता भएको मितिले १५ दिन भित्र पकेट कार्यक्रमको लागत अनुमान अनुसार कार्य शुरु गरी सक्नु पर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वतः रद्ध हुनेछ । पेश गरेको कार्ययोजना अनुसार निर्धारित समयमै कार्यसम्पन्न गरी अन्तिम भुक्तानी लागिसक्नु पर्नेछ ।

५ दोस्रो पक्षले लागत अनुमान अनुसारका क्रियाकलापहरु आफैले नगरी कुनै अर्को पक्षलाई ठेक्का पट्टामा कार्यक्रम दिन पाईने छैन ।

६ यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागु हुनेछ ।

प्रथम पक्षको तर्फबाट	दोस्रो पक्षको तर्फबाट
नाम, थरः	नाम, थरः
पदः	पदः
संस्थाको नाम र छापः	संस्थाको नाम र छापः
ठेगानाः	ठेगानाः
मितिः	मितिः

प्रमाणीकरण मितिः २०७७।०६।११

आज्ञाले,

टेकनाथ दहाल

प्रमुख प्रशासकीय अधिकृत